☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

मिति: २०८३/०३/३०

**बेसीशहर नगरपालिकाको क्षेत्रभित्र राखिएको डिस्प्ले बोर्डबाट प्रचार-प्रसार गर्दा लगाईने शुल्क उठाउने कार्यको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी**

## सूचना! सूचना!! सूचना!!!

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।३०)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अधिनमा रही यस कार्यालयको मिति २०८३।०३।२२ को निर्णयानुसार बेसीशहर नगरपालिका क्षेत्रभित्र राखिएको डिस्प्ले बोर्डबाट व्यवसायिक वा संस्थागत प्रचार-प्रसार गर्दा लगाईने शुल्क उठाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी र हार्डकपी दुवै माध्यामबाट ठेक्का प्रकृयामा सहभाग़ी हुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभर्साईट www.besishaharmun.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभर्साईट www.bolpatra.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको बिवरण | स्थान | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/083/84/ 04 | डिस्प्ले वोर्डबाट प्रचार-प्रसार गर्दा लगाईने शुल्क उठाउने कार्य | भिमसेन स्थान | ३०,०००।- (तीस हजार) | कबोल अंकको ५% | १०००।- |

**बोलपत्रसँग सम्बन्धित शर्तहरू**

१) यो ठेक्काको अवधि २०८३ श्रावण १ गतेदेखि २०८६ असार मसान्तसम्म ३ बर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२) आ.ब. २०८३।०८४ का लागि ठेक्का वापत न्यूनतम ठेक्का रकम रु. ३०,०००।- (तीस हजार, भ्याट वाहेक) कायम हुनेछ । दरभाउ-पत्र दाताले सो न्यूनतम ठेक्का रकममा चालु आं.ब. २०८३।८४ को लागि कबोल गरेको ठेक्का अंकमा ५०% ले वृद्धि गरी आ.व. २०८४।८५ को ठेक्का अंक कायम हुनेछ र सो ठेक्का रकममा पुन: ७५% ले बृद्धि गरी आ.व. २०८५।८६ को ठेक्का रकम कायम गरी ३ बर्षका लागि ठेक्का संचालन गरिनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

## डिल्पे बोर्डबाट प्रचार प्रचार गर्दाको ठेक्काको कायम हुने ठेक्का रकम

| बर्ष | आ.ब. | न्यूनतम ठेक्का रकम | प्रतिबर्ष बृद्दी हुने प्रतिशत र रकम | | कबोल अंक/ठेक्का रकम |
|---|---|---|---|---|---|
| पहिलो बर्ष | २०८३।८४ | ३०,०००।- | | | |
| दोस्रो बर्ष | २०८४।८५ | | ५०% | | |
| तेस्रो बर्ष | २०८५।८६ | | ७५% | | |

३) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट दरभाउ सम्वन्धी कागजातहरु डाउनलोड गरी ८औं दिन अर्थात मिति २०८३।०४।०५ गते १२.०० बजेभित्र सोही वेभसाईटमा अपलोड गरी सक्नु पर्नेछ ।साथै, दरभाउपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट समेत खरिद गरी माथि तोकिएकै समयभित्र हार्डकपी पेश गर्न सकिनेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४) दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (Bank Guarantee) पेश गर्नु पर्नेछ।

५) रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको मितिले १० दिनभित्र आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण कर (भ्याट तथा आय कर) सहित सम्झौताका लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । ठेक्का वापतको पुरै रकम सोही आर्थिक बर्षको पहिलो चरणमै बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको रकममा १०% छुट दिइनेछ । प्रतिबर्ष किस्ताको आधारमा रकम जम्मा गर्ने भएमा पहिलो किस्ता वापत (५०%) को रकम, पुरै कबोल अंकको लाग्ने भ्याट तथा आयकर रकम र दोस्रो किस्ता (५०% प्रतिशत) रकमको आगामी आ.ब.को असोज मसान्तसम्म म्याद भएको बैंक जमानत-पत्र सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ । दोस्रो किस्ता वापतको रकम सोही आ.ब.को चैत मसान्तभित्र जम्मा गरिसक्नुपर्नेछ अन्यथा सोही बैंक जमानत-पत्रबाट असूल उपर गरिनेछ ।

७) रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

सुनन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

८) प्रचलित नियमानुसार कालोसूचीमा परेका वा यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्महरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

९) तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्काको बन्दोबस्त गरिनेछ ।

१०) ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

११) प्रत्येक करदातालाई अनिवार्य रूपमा रसिद उपलब्ध गराउनु पर्नेछ। कर संकलन गर्दा नगरपालिकाबाट उपलब्ध गराइएको रसिद मात्र प्रयोग गर्नुपर्नेछ। ठेक्का अवधी समाप्त भएपछि प्रयोग भएका र नभएका सबै रसिदहरु फिर्ता गर्नु पर्नेछ ।

१२) कर संकलनको अभिलेख दैनिक रूपमा अद्यावधिक राखी कार्यालयले मागेको बेला उपलब्ध गराउनुपर्नेछ। कर संकलनको क्रममा कुनै प्रकारको अनुचित शुल्क, सेवा शुल्क वा अतिरिक्त रकम लिन पाउने छैन।

१३) यस कार्यालयले निर्णय गरे बाहेक प्राकृतिक विपत्ति, बन्द, हड्ताल वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा दाबी गर्न पाइने छैन ।

१४) यस कार्यालयको अनुमतिबिना आफ्नो अधिकार अर्को व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न पाउने छैन। साथै, अनुमति विना निजी तवरबाट डिस्प्ले बोर्डहरु राखी आफू खुशी शुल्कहरु तोकी कर छली गरी गराएको पाइएमा त्यस्ता व्यक्ति वा संस्था कार्यवाहीको भागिदार हुनेछन् ।

१५) नेपाल सरकार वा नगरपालिकाले निःशुल्क प्रचार—प्रसार गर्न निर्देशन दिएका सार्वजनिक सूचना, विपद् व्यवस्थापन, स्वास्थ्य, शिक्षा, निर्वाचन वा अन्य सार्वजनिक हितका सूचनाहरू प्राथमिकताका साथ निःशुल्क प्रसारण गर्नुपर्नेछ।

१६) डिस्प्ले वोर्डको सञ्चालन, सरसफाइ, सामान्य मर्मतसम्भार तथा सुरक्षित सञ्चालनको जिम्मेवारी सम्बन्धित ठेक्कावालाको हुनेछ। साथै, प्राविधिक समस्या आएमा यस कार्यालयको समन्वयमा मर्मत गरी सेवा निरन्तर सञ्चालन गर्नुपर्नेछ।

१७) नगरपालिकाले मागेमा विज्ञापनदाताको विवरण, प्रचार—प्रसार अवधि, असुल गरिएको शुल्क तथा अन्य अभिलेख उपलब्ध गराउनुपर्नेछ।

१८) प्राकृतिक विपत्ति, आगलागी, विद्युत् अवरोध वा अन्य विशेष परिस्थितिका कारण सेवा प्रभावित भएमा प्रचलित कानून तथा यस कार्यालयले निर्णय गरेबमोजिम निर्णय हुनेछ।

१९) कर संकलन गर्दा सार्वजनिक शान्ति, सुरक्षा तथा स्थानीय कानूनको पूर्ण पालना गर्नुपर्नेछ। नेपालको संविधान, प्रचलित कानून वा सार्वजनिक मर्यादा विपरीत हुने, अश्लील, भ्रामक, घृणा फैलाउने वा मदिराजन्य/सुर्तीजन्य जस्ता प्रतिबन्धित सामग्रीको प्रचार—प्रसार गर्न पाइने छैन।

२०) यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

.......................................

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

सुनन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

श्री

# बेसीशहर नगरपालिकाको कार्यालय, लमजुङ

## बेसीशहर नगरपालिकाको मिति २०८३।०३।३० मा पहिलो पटक प्रकाशित सूचना अनुसारको

## दरभाउ-पत्र फाराम

| क. सं. | ठेक्का नं. | ठेक्काको बिबरण | वडा नं. | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | ठेक्का कबोल अंक | | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | Besishaharmun/ Revenue/SQ/ 083/84/ 04 | डिस्प्ले बोर्डबाट प्रचार-प्रसार गर्दा लगाईने शुल्क उठाउने कार्य | भिमसेन स्थान | ३०,०००।- (तीस हजार) | | | कबोल अंकको ५% | १०००।- |

**बोलपत्रदाताको विवरण**

नाम, थरः

र्फमको नामः

ठेगानाः

सम्पर्क नं-

दस्तखतः

र्फमको छापः

**संलग्न कागजात (चिन्ह लगाउने)**

१. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान १
२. र्फम दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी थान १
३. मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपी थान १
४. कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १
५. बोलपत्र फाराम दस्तुर बापत बुझाएको रसिद प्रमाणित प्रतिलिपी थान १
६. धरौटी रकम बापत बुझाएको रसिदको प्रमाणित प्रतिलिपी वा बैंक ग्यारेन्टी (बिड बण्ड) थान १
७. शर्त बमोजिमका अन्य आवश्यक कागजातहरु

CS Scanned with CamScanner